जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
सबै क्षेत्रको प्रवर्द्धनको गुरु
www.jaleshwortoday.com
# जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि
बर्ष १३ • अंक २४५ • २०८३ असार ११ गते विहिवार • 25 Jun. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

## शहीदनगरको महत्वाकांक्षी बजेट: कृषि विद्युत् महसुलदेखि एम्बुलेन्स सेवासम्म निःशुल्क

दिपक श्रेष्ठ मण्डल
जनकपुरधाम, १० असार



धनुषाको शहीदनगर नगरपालिकाको १५औं नगरसभा सम्पन्न भएको छ। नगर प्रमुख तथा नगरसभाका सभाध्यक्ष दिनेश प्रसाद यादवको अध्यक्षतामा सम्पन्न नगरसभाले आगामी आर्थिक वर्षका लागि कुल रु. ६५ करोड ८० लाख ३९ हजार बराबरको बजेट प्रस्तुत गरेको हो ।

नगरसभाको उद्घाटन सभाध्यक्ष यादवले पानसमा दीप प्रज्वलन गरी गर्नुभएको थियो । कार्यक्रममा नगरपालिकाका विभिन्न वडाका वडा अध्यक्ष, जनप्रतिनिधि तथा कर्मचारीहरूको सहभागिता रहेको थियो ।

नगरसभामा प्रमुख प्रशासकीय अधिकृत केशव शर्माले स्वागत मन्तव्य राख्नुभएको थियो भने नगर उपप्रमुख सुनीता कुमारी सिंहले नगरपालिकाको नीति तथा कार्यक्रमसहित आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्नुभएको थियो। कार्यक्रममा शिक्षा शाखा प्रमुख प्रदीप मुखिया लगायतको उपस्थिति रहेको थियो । प्रस्तुत बजेटअनुसार नगरपालिकाले राजस्व बाँडफाँडबाट रु. १२ करोड ७३ लाख, वित्तीय समानीकरण अनुदानबाट रु. १३ करोड ८० लाख ३९ हजार, सशर्त अनुदानबाट रु. २७ करोड १ लाख, विशेष अनुदानबाट रु. २ करोड ७० लाख र समपूरक अनुदानबाट रु. २ करोड ६० लाख प्राप्त हुने अनुमान गरेको छ। नगरपालिकाले नागरिकलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रमलाई बजेटमा विशेष प्राथमिकता दिएको जनाएको छ। वडा नं. १ देखि ९ सम्मका किसानका लागि आवश्यक कृषि विद्युत् महसुल नगरपालिकाले व्यहोर्ने व्यवस्था गरिएको छ । त्यस्तै, स्वास्थ्य सेवामा नागरिकको पहुँच विस्तार गर्न एम्बुलेन्स सेवा निःशुल्क गर्ने तथा नगरवासीको घरायसी प्रयोजनका लागि मासिक २० युनिटसम्मको विद्युत् महसुल नगरपालिकाले तिर्ने महत्वपूर्ण कार्यक्रम बजेटमा समावेश गरिएको छ । नगरसभाले शिक्षा, कृषि, स्वास्थ्य, पूर्वाधार तथा जनमुखी विकास कार्यक्रमलाई प्राथमिकतामा राख्दै आगामी योजनाहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएको छ ।

## लागूऔषध विरुद्धको अन्तर्राष्ट्रिय दिवसको अवसरमा जलेश्वरमा जनचेतनामूलक कार्यक्रम



मो. इर्शाद
महोत्तरी, १० असार

जलेश्वर, लागू औषधको चुनौती चिनौं र सामाजिक समाधानको बाटो खोजौं' भन्ने मूल नाराका साथ लागू औषध दुरुपयोग तथा अवैध ओसारपसार विरुद्धको अन्तर्राष्ट्रिय दिवसको अवसरमा जलेश्वरमा सप्ताव्यापी जनचेतना मूलक कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रम अन्तर्गत आज महोत्तरी जिल्लाको जलेश्वरस्थित ल.च.मु. विद्यालय र शुकदेव मावि, सुगामा विशेष जनचेतनामूलक कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवको प्रमुख आतिथ्यता रहेको थियो। कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख जिल्ला अधिकारी यादवले लागू औषधको सेवनले व्यक्तिको स्वास्थ्यमा मात्र नभई परिवार, समाज र समग्र राष्ट्रको विकासमा गम्भीर नकारात्मक असर पार्ने उल्लेख गर्नुभयो । उहाँले युवा पुस्तालाई कुलतबाट बचाउन समाजका हरेक वर्गको सक्रिय भूमिका आवश्यक रहेकोमा जोड दिनुभयो । सो अवसरमा विभिन्न सुरक्षा निकायका प्रमुखहरूको उपस्थिति रहेको थियो । साथै, कमला आरम्भ फाउन्डेसन सुधार केन्द्रलगायतका विभिन्न सुधार केन्द्रहरूको समन्वयमा लागू औषध सेवनले निम्त्याउने सामाजिक तथा व्यक्तिगत समस्याहरूका बारेमा विद्यार्थीहरूलाई प्रस्ट पारिएको थियो । कार्यक्रममा सहभागी विद्यार्थी तथा सरोकारवालाहरूले लागू औषध मुक्त समाज निर्माणका लागि प्रतिबद्धता व्यक्त गरेका छन् ।


सचेत विद्यार्थी र सचेत समाजले मात्र लागू औषध विरुद्धको अभियानलाई सफल बनाउन सक्ने भन्दै विद्यालय र समुदाय स्तरमा यस्ता कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता जनाइएको छ ।




GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence

छाडा पशु-चौपायाको संरक्षण गरौं
छाडा पशु-चौपायाका कारणले :
- सडक दुर्घटनाको सम्भावना बढ्छ,
- बाली तथा बोटविरुवामा क्षति पुग्छ,
- मानिस र पशु दुबैको जीवन जोखिममा पर्छ,
- जथाभावी फोहोरमैला विसर्जन हुँदा रोग फैलिन सक्छ,
त्यसैले,
- पशु-चौपायालाई घरमा व्यवस्थित तरिकाले राखौं,
- चरन क्षेत्रको व्यवस्थापन गरौं,
- सडक छेउमा पशु-चौपाया नछाडौं/छाड्न नदिऔं,
- छाडा पशु-चौपायाको नियन्त्रण गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जलेश्वर टुडे
Jaleshwor Today National Daily
www.jaleshwortoday.com



## सम्पादकीय

# प्राकृतिक विपद्को उच्च जोखिममा नेपाल

*नेपाल भूकम्प, बाढी, पहिरो तथा हिमपहिरोजस्ता प्राकृतिक विपद्को उच्च जोखिममा रहेको देखिन्छ । नयाँ कानुनले सशस्त्र प्रहरी बल नेपाललाई सहरी खोज तथा उद्धार ( अर्बन सर्च एन्ड रेस्क्यु- यूएसएआर) विपद् राहत (डिजास्टर रिलिफ) र मानवीय सहायता ह्युमानिटेरियन असिस्टेन्स) को स्थायी र प्राथमिक जिम्मेवारी दिनुपर्ने देखिन्छ । हालको विपद् व्यवस्थापन ऐनले राजनीतिक, प्रशासनिक र सबै सुरक्षा निकायलाई जिम्मेवार त बनाएका छन, तर प्राथमिक (प्राइमरी) र द्वितीय (सेकेन्डरी) जिम्मेवारी कसको छ ? भन्ने कुरा स्पष्ट नछुट्टिँदा कार्यक्षेत्रमा अन्योल र समन्वयको अभाव देखिने गरेका छन । तसर्थ, सशस्त्र प्रहरीलाई विपद् व्यवस्थापनको 'फर्स्ट रेस्पोन्डर'का रूपमा ऐनद्वारा नै जिम्मेवारी किटान हुनुपर्ने देखिन्छ ।*

*महत्वपूर्ण संरचना र पूर्वाधारको सुरक्षा नयाँ कानुनले सशस्त्र प्रहरी बल नेपाललाई देशका महत्वपूर्ण भौतिक तथा रणनीतिक पूर्वाधारहरू– जस्तै अन्तर्राष्ट्रिय विमानस्थल, ठुला जलविद्युत् आयोजना, विद्युत् प्रसारण लाइन, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र र कूटनीतिक नियोगहरूको सुरक्षाका लागि विशेष कानुनी अधिकार प्रदान गर्नुपर्छ । यस्ता क्षेत्रहरूको सुरक्षा अर्धसैन्य प्रकृतिको हुने भएकाले यो जिम्मेवारी सशस्त्र प्रहरीकै कार्यक्षेत्रमा रहेको देखिन्छ । कानुनी शासनमा अलिखित वा मौखिक आदेशको कुनै स्थान नहुने हुँदा सुरक्षा परिचालनका सबै सर्त र कार्यविधिहरू ऐन र नियममा स्पष्ट रूपमा लिपिबद्ध गर्न आवश्यक रहेको देखिन्छ ।*

# देशका तराई जिल्लामा तापक्रम निरन्तर बढ्दै

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १० असार**

देशका तराई जिल्लामा तापक्रम निरन्तर बढ्दै गएपछि जल तथा मौसम विज्ञान विभागले सर्वसाधारणलाई उच्च सतर्कता अपनाउन आग्रह गरेको छ ।

विभागका अनुसार आगामी केही दिन तराई क्षेत्रमा अत्यधिक गर्मी र तातो हावाको प्रभाव रहने सम्भावना छ। जल तथा मौसम पूर्वानुमान महाशाखाका प्रवक्ता विभूति पोखरेलका अनुसार आगामी तीन दिनसम्म विशेषगरी



सुदूरपश्चिम र लुम्बिनी प्रदेशका तराई क्षेत्रमा तातो हावा (लु) चल्ने सम्भावना रहेको छ । बागमती र गण्डकी प्रदेशका केही भूभागमा पनि तापक्रम बढ्ने अनुमान गरिएको उनले बताए। विभागले सार्वजनिक गरेको पूर्वानुमान अनुसार धनगढीमा अधिकतम तापक्रम ४० डिग्री सेल्सियससम्म पुग्न सक्नेछ भने नेपालगञ्ज र भैरहवामा तापक्रम ४१ डिग्री सेल्सियससम्म पुग्ने सम्भावना रहेको छ। वीरेन्द्रनगर र घोराहीमा समेत गर्मीको प्रभाव बढ्ने अनुमान गरिएको छ।

बढ्दो तापक्रमका कारण जनस्वास्थ्यमा प्रतिकूल असर पर्न सक्ने भएकाले विभागले विशेष सावधानी अपनाउन आग्रह गरेको छ । अत्यावश्यक कामबाहेक दिउँसोको समयमा घरबाहिर ननिस्कन, प्रशस्त पानी पिउन, हल्का तथा सुतीका कपडा प्रयोग गर्न र बालबालिका, ज्येष्ठ नागरिक तथा दीर्घरोगीको स्वास्थ्यमा विशेष ध्यान दिन सुझाव दिइएको छ।

# पोषण कार्यक्रमको बजेट र खरिद प्रक्रियालाई लिएर विवाद

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १० असार**

मधेश प्रदेशको स्वास्थ्य क्षेत्रमा फेरि एकपटक पोषण कार्यक्रमको बजेट र खरिद प्रक्रियालाई लिएर विवाद चर्किएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले खरिद प्रक्रिया रद्द गर्न निर्देशन दिएपछि पनि स्वास्थ्य निर्देशनालयले करोडौं रुपैयाँको पोषण सामग्री खरिद प्रक्रिया अघि बढाएको पाइएको छ ।

यसले मन्त्रालय र मातहतको निकायबीच समन्वयको अभाव मात्र नभई प्रशासनिक अनुशासन र सार्वजनिक खरिद प्रक्रियामाथि समेत प्रश्न उठाएको छ । स्वास्थ्य निर्देशनालयले जेठ ७ गते बालबालिका, गर्भवती तथा सुत्केरी महिलाका लागि 'खानका लागि तयार पोषणयुक्त खाद्य सामग्री' खरिद गर्न करिब ७ करोड रुपैयाँ बराबरको बोलपत्र आह्वान गरेको थियो। उक्त खरिद प्रक्रिया तत्कालीन अर्थमन्त्री महेशप्रसाद यादवले पदबाट बाहिरिनुअघि पोषण कार्यक्रमका लागि थप ९ करोड रुपैयाँ रकमान्तर गरेपछि अघि बढाइएको बताइएको छ। बोलपत्र आह्वानपछि प्राविधिक प्रस्ताव मूल्यांकनको प्रक्रिया समेत सम्पन्न भइसकेको थियो ।

तर, यसबीचमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले उक्त खरिद प्रक्रियाको औचित्यमाथि प्रश्न उठाउँदै जेठ २९ गते निर्देशनालयलाई प्रक्रिया रद्द गर्न



लिखित निर्देशन पठायो। मन्त्रालयले पठाएको पत्रमा महालेखा परीक्षकको प्रतिवेदनमा विगतका यस्तै कार्यक्रमको प्रभावकारिता र औचित्य पुष्टि हुन नसकेको उल्लेख गर्दै सावधानी अपनाउन भनिएको छ । मन्त्रालयका अनुसार पोषण सामग्री खरिदसँग सम्बन्धित विभिन्न गुनासा र प्रश्नहरू प्राप्त भएपछि विस्तृत अध्ययन आवश्यक देखिएको थियो। मन्त्रालयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ (१) अनुसार बोलपत्र रद्द गर्न निर्देशन दिएको थियो । मन्त्रालयका वरिष्ठ उपसचिव राजेश मिश्रद्वारा हस्ताक्षरित पत्रमा चालु आर्थिक वर्षभित्र आवश्यक अध्ययन सम्पन्न गरेर खरिद प्रक्रिया टुंग्याउन समय अभाव हुने भएकाले तत्कालका लागि बोलपत्र रद्द गर्नुपर्ने उल्लेख गरिएको छ। तर, मन्त्रालयको निर्देशनपछि पनि स्वास्थ्य निर्देशनालयले खरिद प्रक्रिया रोक्नुको सट्टा थप अघि बढाएको देखिएको छ।

**सूचना ! सूचना !! सूचना !!!**

**नहर सार्वजनिक सम्पती हो, नहरको रेखदेख गर्नु सबैको कर्तव्य हो । नहर सफा राख्नु सबैको दायित्व हो । नहरको जमीन अतिक्रमण गर्नु हुदैन । सरकारले निर्धारण गरेको नहरको क्षेत्रफल भित्रको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको बरखिलाफ हो ।**

**मधेश प्रदेश सरकार**
**उर्जा सिंचाई तथा खानेपानी मन्त्रालय**
**मधेश प्रदेश, जनकपुरधाम धनुषा**

## तपाईको टुडे

मेष: अशुभ समाचार प्राप्त हुने
वृष: विचार गरेर बोल्नुहोला
मिथून: लामो यात्राको योग छ
कर्कट: पिछडेको साथी मिल्न
सिंह: अनावश्यक चिन्ता
कन्या: अनावश्यक खर्चको संभावना
तुला: शुभ कार्यको शुरुवात
वृश्चिक: आम्दानी हुने
धनु: मित्रतामा फाटो आउने
मकर: खानपानमा समस्या आउने
कूम्भ: मनमा पछुतो आउने
मीन: पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |


## जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# नेपालको अर्थतन्त्रमा निजी शिक्षाको योगदान




**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १० असार**

नेपालको अर्थतन्त्रमा निजी शिक्षाको योगदान वार्षिक १ खर्ब ६० अर्ब रुपैयाँ बराबर रहेको देखिएको छ । राष्ट्रिय तथ्यांक कार्यालयले नेपाल शिक्षण संस्था सर्वेक्षण २०८१ को नतिजा सार्वजनिक गरेको छ ।

नतिजा अनुसार नेपालको अर्थतन्त्रमा सरकारी स्वामित्व बाहेकका शिक्षण संस्थाले करिब १ खर्ब ६० अर्ब रुपैयाँ बराबरको कुल मूल्य अभिवृद्धि गरेको देखिएको छ । कार्यालयले १ साउन २०८० देखि २०८१ असार मसान्तलाई सन्दर्भ अवधि मानेर नेपाल शिक्षण संस्था सर्वेक्षण २०८१ सञ्चालन गरेको थियो । तथ्यांक संकलनको काम वैशाख-असार २०८२ मा गरिएको थियो । कार्यालयले पूर्ण गणना र नमूना सर्वेक्षण विधि तथा द्वितीय स्रोतका रुपमा सर्वेक्षण सूची प्रयोग गरी तथ्यांक संकलनको काम गरेको उपप्रमुख तथ्यांक अधिकारी ढुन्डीराज लामिछानेले जानकारी दिए ।

तथ्यांक अनुसार नेपालको निजी शिक्षण संस्थामा कुल लगानी ३ खर्ब ९ अर्ब २१ करोड रुपैयाँ बराबर पुगेको छ । सन्दर्भ वर्षमा निजी शिक्षण संस्थाहरुको कुल उत्पादन (सेवा दिए वापत संकलन गरेको कुल रकम) १ खर्ब ९५ अर्ब रुपैयाँ बराबर रहेको छ । सो उत्पादन गर्न मध्यवर्ती उपभोग ( कर्मचारीको तलव तथा स्थिर सम्पत्ति बाहेक) ३५ अर्ब ४० करोड रुपैयाँ बराबर लागत रहेको देखिएको छ । एक वर्षमा निजी शिक्षण संस्थाको कुल सञ्चालन खर्च १ खर्ब १४ अर्ब रुपैयाँ बराबर रहेको छ । यी संस्थाले कर्मचारीको तलव, ज्याला र अन्य सुविधामा ७५ अर्ब रुपैयाँ हाराहारी खर्च गर्ने गरेको तथ्यांकले देखाएको छ । कार्यालयका अनुसार सरकारीबाहेक निजी, सामुदायिक, गुठीलगायतबाट सञ्चालित विद्यालय, क्याम्पस र प्राविधिक-व्यवसायिक प्रशिक्षण केन्द्रको तथ्यांक सर्वेक्षणमा समेटिएको छ ।

प्रादेशिक रुपमा हेर्दा सबैभन्दा ठूलो लगानी बागमती प्रदेशमा भएको देखिन्छ । यस प्रदेशमा निजी शिक्षण संस्थामा १ खर्ब २८ अर्ब ८४ करोड रुपैयाँ बराबरको लगानी भएको छ । यस प्रदेशले अर्थतन्त्रमा एक वर्षमा ७० अर्ब ९४ करोड रुपैयाँ बराबरको योगदान गरेको देखिन्छ । निजी शिक्षामा सबैभन्दा कम लगानी कर्णाली प्रदेशमा भएको छ । यस प्रदेशमा ५ अर्ब ४२ करोड रुपैयाँ मात्र लगानी भएको छ । अर्थतन्त्रमा यस प्रदेशमा रहेका शिक्षण संस्थाको योगदान ३ अर्ब ४ करोड रुपैयाँ बराबर छ । देशभरि १० हजार ४११ निजी शिक्षण संस्था रहेकोमा सबैभन्दा धेरै बागमतीमा २ हजार ९०३ र सबैभन्दा कम कर्णालीमा ३७५ संस्था छन् ।

# ‘भाषिक पत्रकारिता एवं सञ्चार माध्यम प्रवर्द्धन सम्बन्धी’ कार्यशाला

**जलेश्वरटुडे समाचारदाता**
**जलेश्वर, १० असार**

आमसञ्चार प्राधिकरण मधेश प्रदेशको आयोजना तथा नेपाल पत्रकार महासंघ महोत्तरीको समन्वयमा ‘भाषिक पत्रकारिता एवं सञ्चार माध्यम प्रवर्द्धन सम्बन्धी’ दुईदिने आवासीय कार्यशाला बुधबारदेखि महोत्तरीमा सुरु भएको छ । कार्यक्रमको उद्घाटन गर्दै मधेश प्रदेश सरकारकी श्रम तथा यातायात मन्त्री शारदा देवी थापाले भाषिक पत्रकारिता स्थानीय भाषा, संस्कृति र पहिचान संरक्षणको महत्वपूर्ण माध्यम भएको बताइन् । उनले नेपालमा अध्ययन, रोजगारी र पर्यटनका प्रशस्त सम्भावना रहेकाले पत्रकारहरूले आफ्नो कलममार्फत यस्ता सकारात्मक पक्षलाई उजागर गर्नुपर्नेमा जोड दिइन् ।

मन्त्री थापाले पत्रकारिता लोकतन्त्रको महत्वपूर्ण आधार भएको उल्लेख गर्दै पत्रकारहरूको स्वतन्त्रता र सुरक्षाको ग्यारेन्टी राज्यले गर्नुपर्ने धारणा राखिन् । ‘पत्रकार समाजका बिनावर्दीका प्रहरी हुन् । उनीहरूले सत्य तथ्य बाहिर ल्याउने काम गर्छन् । त्यसैले उनीहरूको पेशागत सुरक्षा सुनिश्चित हुनुपर्छ,’ उनले भनिन् ।



उनले विकास निर्माणका योजनामा पारदर्शिता र जवाफदेहिताको आवश्यकता औंल्याउँदै सार्वजनिक स्रोत र बजेटको प्रभावकारी उपयोगबारे सञ्चारमाध्यमले निगरानी बढाउनुपर्ने बताइन् ।

मिडिया काउन्सिलका कार्यवाहक अध्यक्ष बन्दना झाले भाषिक पत्रकारिता समाचार सम्प्रेषणको माध्यम मात्र नभई समुदायको पहिचान, संस्कृति र अस्तित्वसँग जोडिएको विषय भएको बताइन् । उनले पत्रकारिताको विश्वसनीयता कायम राख्न आचारसंहिता पालनासँगै स्थानीय भाषाका सञ्चारमाध्यमलाई प्रविधिमैत्री बनाउनु आवश्यक रहेको धारणा व्यक्त गरिन् । चलचित्र तथा लोकसञ्चार प्रवर्द्धन बोर्डका अध्यक्ष किशोर लेखीले भाषा, साहित्य, कला र सञ्चार एकअर्काका परिपूरक क्षेत्र भएको उल्लेख गर्दै स्थानीय भाषाको सामग्री उत्पादन वृद्धि गर्न राज्य, सञ्चार संस्था र पत्रकारबीच सहकार्य आवश्यक रहेको बताए । भाषिक पत्रकारिताले स्थानीय समुदायका आवाजलाई राष्ट्रिय बहसमा स्थापित गर्न महत्वपूर्ण भूमिका खेलेको उनको भनाइ थियो ।

नेपाल पत्रकार महासंघ महोत्तरी शाखाका अध्यक्ष महेश दासले पत्रकारिताको गुणस्तर अभिवृद्धि र पेशागत क्षमता विकासका लागि यस्ता कार्यक्रम आवश्यक रहेको बताए । उनले नयाँ पत्रकार उत्पादन गर्नु मात्र नभई लामो समयदेखि पत्रकारितामा सक्रिय पत्रकारहरूको सीप, ज्ञान र व्यवसायिक आचरणमा समेत सुधार आवश्यक रहेको धारणा राखे ।

सूचना ! सूचना !! सूचना !!!

खेलकुदका माध्यमबाट स्वस्थ, सक्षम, अनुशासित, मर्यादित, सिर्जनशील र मानवीय संवेदनायुक्त नागरिक निर्माण गरौं ।

मधेश प्रदेश सरकार
खेलकुद तथा समाज कल्याण मन्त्रालय
मधेश प्रदेश जनकपुरधाम, धनुषा

सूचना ! सूचना !! सूचना !!!

बालविवाह, बहुविवाह र अन्य अनमेल विवाहलाई प्रश्रय नदिऔं, सभ्य समाजको निर्माण गरौं ।

मधेश प्रदेश सरकार
गृह संचार तथा कानुन मन्त्रालय
मधेश प्रदेश जनकपुरधाम, धनुषा

सूचना ! सूचना !! सूचना !!!

भवन निर्माण संहिताको पालन गरि भवन निर्माण गरौं, सम्भावित जोखिमबाट बचौं ।

मधेश प्रदेश सरकार
भौतिक पुर्वाधार विकास मन्त्रालय
मधेश प्रदेश जनकपुरधाम, धनुषा

सूचना ! सूचना !! सूचना !!!

जनताको पीरमर्का सुन्न र रचनात्मक सुझावहरु ग्रहण गर्न मधेश प्रदेश सरकार सधैं तत्पर र जागरुक छ । साथै समस्या निराकरण गर्न सुझावको अपेक्षा पनि गर्दछ ।

मधेश प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय
मधेश प्रदेश जनकपुरधाम, धनुषा

# प्रदेश खारेजी : रास्वपाले खोल्यो नयाँ राजनीतिक द्वन्द्वको ढोका



-राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले २१ फागुनको चुनावी अभियानअन्तर्गत माघ ५ गते जनकपुरमा पहिलो आमसभा राख्यो । त्यो आमसभाका मुख्य आकर्षण थिए- भावी प्रधानमन्त्रीको रूपमा अघि सारिएका बालेन शाह ।

काठमाडौंको मेयरबाट राजीनामा दिएर प्रधानमन्त्रीको यात्रामा हिँडेका उनले जनकपुरमा मैथिली भाषामा सम्बोधन गरे । मधेशकै स्थानीय पहिरन लगाएर उनले मञ्चबाट भने, 'धेरैले मलाई काठमाडौंमा र यहाँ जनकपुरमा पनि सोध्नुभयो- राष्ट्रिय स्वतन्त्र पार्टीको संघीयता र प्रदेशप्रतिको धारणा के हो ? म यो भन्न चाहन्छु, प्रदेशलाई अझ बलियो बनाउनुपर्छ ।' उनले यसो भनिरहँदा आमसभामा तालीको पर्रा छुट्यो । बालेन प्रदेशबारेमा थप व्याख्या गर्दै अघि बढे । र, भने, 'प्रदेशको काम एउटा वडामा गएर ५० हजारको धारा जोड्ने होइन । प्रदेशको काम कम्तीमा तीन-चार वटा पालिकालाई जोड्ने हुनुपर्छ ।' जनकपुरको सभामा सम्बोधन गर्ने क्रममा बालेन । उनले मेयर हुँदा संघले एउटा प्रशासकीय अधिकृत फेर्ने अधिकारसमेत नदिएको प्रसंग जोड्दै त्यस्तो अवस्था अन्त्य गर्ने घोषणा गरे । 'अहिले जनकपुरको मेयरले प्रमुख प्रशासकीय अधिकृत फेर्नु पर्‍यो भने काठमाडौं जानुपर्छ। किन ? जनकपुर प्रदेशको राजधानी होइन र ? राजधानी हो भने काठमाडौं किन जानुपर्ने ? सबै काम यहीँ किन नहुने ? त्यसैले प्रदेशलाई बलियो बनाउनुपर्छ ताकि काठमाडौं जानु नपरोस्,' बालेनले भनेका थिए, 'यहाँ यस्तो व्यवस्था होस् कि काठमाडौं अधिकार माग्न होइन, घुम्नका लागि मात्र गइयोस् । पशुपतिनाथ र स्वयम्भू दर्शन गर्न मात्र काठमाडौं गइयोस्, अधिकार माग्न जान नपरोस् ।' करिब यस्तै खालका भाषण गर्दै उनी सातै प्रदेशमा दौडिए। कर्णाली पुग्दा 'अब कर्णालीका सुइना, हम्मा सुइना' भने । सुदूरपश्चिमको डडेलधुरातिर उक्लँदा 'सुदूर अब दूर नाइँ, झिकै झिकै माया तम्लाई' भने । उनी र उनको दलको यस्तै वाचालाई मतदाताले विश्वास गरेर २१ फागुनको चुनावमा रास्वपाले करिब दुई तिहाइ सिट जित्यो । ४८ प्रतिशत मत रास्वपा एक्लैले ल्यायो । यही प्रचण्ड जनमतको बलमा बालेन शाह प्रधानमन्त्री बने । बालेन प्रधानमन्त्री बनेको करिब तीन महिना पुग्नै लाग्दा अहिले चितवनमा जारी रास्वपाको महाधिवेशनमा भने ती चुनावी वाचा बिर्साउने खालको दस्तावेज पारित भएको छ ।

रास्वपाले प्रदेशसभा खारेजीको एजेन्डा अघि सारेपछि बालेनको त्यो अभिव्यक्ति र पार्टीको वर्तमान निर्णयबीच स्पष्ट विरोधाभास देखिएको छ । दस्तावेजमा के छ ? महाधिवेशनमा मुख्य रूपमा दुई वटा दस्तावेजले प्रदेशको विषयमा बोलेका छन् । सभापति रवि लामिछानेले राजनीतिक दस्तावेज पेस गरेका थिए । उपसभापति स्वर्णिम वाग्लेले 'अर्थ-राजनीतिक प्रस्तावना' भन्दै अर्को दस्तावेज ल्याए । महाधिवेशनबाट पारित उपसभापति वाग्लेको वैचारिक दस्तावेजमा स्पष्ट रूपमा 'प्रदेश सभाको खारेजीसहित संघीयताको पुनर्संरचना' उल्लेख गरिएको छ । 'हाम्रो संख्या र सामर्थ्य पुगेको दिन संविधान परिमार्जन गर्छौं । प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री, सांसद मन्त्री नबन्ने प्रणाली, दलविहीन स्थानीय तह एवं ७५३ को संख्यामा एक तिहाइ कटौती, प्रदेशसभाको खारेजीसहित संघीयताको पुनर्संरचना गर्छौं,' उपसभापति वाग्लेको दस्तावेजमा छ । दस्तावेजले प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री, सांसद मन्त्री नबन्ने व्यवस्था, स्थानीय तहको संख्या घटाउने, स्थानीय तहलाई दलविहीन बनाउने र प्रदेशसभालाई हटाउने प्रस्ताव अघि सारेको छ ।

रास्वपाका सभापति रवि लामिछानेको दस्तावेज चाहिँ स्वर्णिमको जस्तो स्पष्ट भाषामा छैन । संविधान संशोधनसम्बन्धी आफ्नो धारणा सार्वजनिक गर्दै प्रदेशसभा र प्रदेश सरकारको पुनर्संरचनाको पक्षमा पार्टी रहेको उनले बताएका छन् । 'हामी प्रदेशसभा र प्रदेश सरकारको पनि पुनर्संरचना गर्ने पक्षमा छौं,' रविको दस्तावेजमा छ । स्वर्णिमको दस्तावेजले खारेजीको कुरा गर्छ भने रविको दस्तावेजले पुनर्संरचनाको कल्पना गर्छ । रास्वपाका दस्तावेजको तर्क छ, 'संघीयताको उद्देश्य नागरिकलाई सेवा पुर्‍याउनु हो, तर प्रदेश तहले अपेक्षित कार्यसम्पादन गर्न सकेको छैन । त्यसैले पुनरावलोकन आवश्यक छ ।' देशको सबैभन्दा ठूलो र प्रचण्ड जनमतसहितको दलले नै प्रदेशसभा खारेज गर्ने राजनीतिक लाइन लिइसकेपछि यसले नेपालमा फेरि संघीयताको विषयमा नयाँ बहस भित्र्याएको छ । विश्लेषक तुलानारायण साहका अनुसार रास्वपाले यस्तो दस्तावेज पारित गर्नु कुनै अनौठो होइन । 'रास्वपाको पहिलेदेखि नै संघीयताप्रति उदार भावना होइन । अहिले महाधिवेशनको दस्तावेजले त्यही पारित गर्‍यो,' उनी भन्छन्, 'चुनावमा जनमत नबिच्कियोस् भनेर मात्र रणनीतिक रूपमा सुधारिएको प्रदेशको कुरा गरेको थियो ।' नेपालमा संघीयता आन्दोलन, संघर्ष, बलिदानको बलमा स्थापना भएको हो । योसँग ठूला राजनीतिक आन्दोलन र भावनात्मक आयाम पनि जोडिएका छन् । त्यसैले २०७२ सालको संविधानले गणतन्त्र, संघीयता र धर्मनिरपेक्षतालाई आफ्नो मूल मर्म बनाएको हो । रास्वपाको प्रथम महाधिवेशनबाट पारित दस्तावेजले यो मूल मर्मको एउटा अंशप्रति फरक दृष्टिकोण अघि सारेको छ । जुन फेरि नेपालमा राजनीतिक ध्रुवीकरणको नयाँ विन्दु बन्न सक्छ । विश्लेषक चन्द्रकिशोर भन्छन्, 'बालेनले जनकपुरमा बलियो संघीयता' बनाउने भनेका थिए, चुनाव जितेर गएपछि त्यसमाथि छलछाम गर्न थालियो ।' उनका अनुसार बालेनको बोली र अहिले रास्वपाको दस्तावेजका जोडकोण केही फरक देखिए पनि मुख्य उद्देश्य भने एउटै हो ।

**साभार : अनलाईन खबर ।**


**सूचना ! सूचना !! सूचना !!!**

**जनताको पिरमार्का सुन्न र रचनात्मक सुझावहरु ग्रहण गर्न मधेश प्रदेश सरकार सधैं तत्पर र जागरुक छ । साथै समस्या निराकरण गर्न सुझावको अपेक्षा पनि गर्दछ ।**

**मधेश प्रदेश सरकार**
**अर्थ मन्त्रालय**
**मधेश प्रदेश जनकपुरधाम, धनुषा**

**सूचना ! सूचना !! सूचना !!!**

शुलभ शिक्षाको लागि सरकार सतर्क ।
वाल-बच्चा स्कुल पठाऔं नगरौं कुतर्क ॥
शिक्षाको व्यापकता सरकारको अभियान ।
पढ्न पठाऔं वालवालिका अगुवा किसान ॥

**मधेश प्रदेश सरकार**
**शिक्षा तथा संस्कृति मन्त्रालय**
**मधेश प्रदेश जनकपुरधाम, धनुषा**

**सूचना ! सूचना !! सूचना !!!**

कृषि यन्त्रीकरण मार्फत कृषि क्षेत्रलाई आधुनिक र व्यवसायिक कृषिमा रुपान्तरण गरी समुन्नत र दिगो कृषि विकासमा जोड दिऔं ।

**मधेश प्रदेश सरकार**
**भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय**
**मधेश प्रदेश जनकपुरधाम, धनुषा**

**सूचना ! सूचना !! सूचना !!!**

श्रम स्वीकृती लिएर मात्र वैदेशिक रोजगारमा जाऔं र भिषा तथा श्रम स्वीकृतिको सुनिश्चिततापछि मात्र कानूनले तोके बमोजिम रकम बुझाऔं र बुझाएको रकमको अनिवार्य रुपमा भरपाई गराऔं ।

**मधेश प्रदेश सरकार**
**श्रम तथा यातायात मन्त्रालय**
**मधेश प्रदेश जनकपुरधाम, धनुषा**



प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday